**विशेष इजलास**

१.

**सं.प्र.न्या.श्री मीनबहादुर रायमाझी, मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गौरी ढकाल,** २०६४-WS-००२८, उत्प्रेषण समेत, *माधवकुमार बस्नेत समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

व्यक्तिको मौलिक हकको रुपमा रहेको संविधानले प्रदान गरेको पक्राउ गरिएको व्यक्तिलाई पक्राउ गरेको समयबाट बाटोको म्यादबाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउनु पर्ने र त्यस्तो अधिकारीबाट आदेश भएमा बाहेक पक्राउ भएका व्यक्तिलाई थुनामा नराखिने संवैधानिक प्रत्याभूतिलाई प्रत्येक व्यक्ति वा निकायले पालना गर्नुपर्ने नै हुन्छ । संविधानले गरेको व्यवस्था प्रशासकीय वा व्यवस्थापकीय कठिनाइका आधारमा पालना हुन नसक्ने भनी कानूनी रुपमा नसुहाउँने हुँदा सैनिक वा निजामती जस्तोसुकै प्रकृतिको संस्था वा सँगठन भएपनि संवैधानिक व्यवस्थाको अनुशरण गर्नुपर्ने ।

सैनिक अदालत बोलाउने आदेश नदिएको अर्थात् अदालत गठन नभएका कारण थुनामा बस्नु पर्ने अवधारणा न्यायका मान्य सिद्धान्त विपरीत हुने ।

सैनिक ऐन, २०६३ को दफा ७५ को उपदफा (५) लाई त्यसले चौबीस घण्टाको समय गणना गर्दा सार्वजनिक विदाको दिनलाई गणना गरिने छैन भनी सार्वजनिक विदाको दिनलाई चौबीस घण्टाको अवधिबाट बाहेक गरेको पनि पाइयो । संविधानको धारा २४ को उपधारा (३) ले चौबीस घण्टाको अवधि गणना गर्दा सार्वजनिक विदालाई बाहेक नगरिएको अवस्थामा सैनिक ऐनमा सार्वजनिक विदाको दिनलाई चौबीस घण्टाको अवधिभित्र गणना नगरिने भनी गरिएको व्यवस्था पनि संविधान अनुकूलको देखिन नआउने ।

इजलास अधिकृत : कृष्णराम कोइराला
कम्प्युटरः सीता गुरुङ्ग
इति संवत् २०६६ साल बैशाख ३१ गते रोज ५ शुभम् ।

२.

**मा.न्या.श्री अनूपराज शर्मा, मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय, मा.न्या.श्री सुशीला कार्की,** २०६५-WS-००१२, उत्प्रेषण समेत, *अच्यूतप्रसाद खरेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

संविधानसँग बाझिएको अवस्था नभै कुनै कानूनमा यस्तो प्रावधान राखिनु पर्ने वा यसरी सुधार गरिनु पर्ने वा राज्यले अवलम्वन गर्ने सकारात्मक विभेदको प्रक्रिया र पद्धति यस्तो हुनुपर्ने भनी अनुमान र कल्पनाका भरमा आदेश जारी गर्न नसकिने ।

निवेदकले श्रम नियमावली, २०५० को नियम १५ को प्रावधान संविधान प्रतिकूल रहेको भनी दावी लिए पनि त्यसको वस्तुनिष्ठ आधार र कारण खुलाउन र वहसका क्रममा समेत आफ्नो निवेदन दावाको पुष्ट्याईका बुँदाहरू प्रस्तुत गर्न सकेको अवस्था नदेखिँदा मागबमोजिमको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृत : उमेश कोइराला
इति संवत् २०६६ साल असोज २२ गते रोज ५ शुभम् ।

३.

**मा.न्या.श्री अनूपराज शर्मा, मा.न्या.श्री रणबहादुर बम र मा.न्या.श्री अवधेशकुमार यादव,** रिट नं. २०६५-WS-०००९, उत्प्रेषण, *आरती श्रेष्ठ समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

अदालतले विधायिकी कार्यउपर न्यायिक पुनरावलोकनको क्षेत्राधिकार संयमित रुपमा प्रयोग गर्ने

गर्दछ । न्यायिक पुनरावलोकनको संवैधानिक सीमाका अतिरिक्त न्यायिक नियन्त्रणमा सीमा समेत रहेका हुन्छन् । संवैधानिक सीमा नाघेर यस अदालतले न्यायिक पुनरावलोकन गर्न सक्दैन । त्यसरी नै न्यायपालिका स्वयंबाट विकास गरिएका कतिपय न्यायिक मूल्य, मान्यता र सिद्धान्तहरू समेतको सन्दर्भमा अदालत बाँधिएको हुन्छ । संवैधानिक सीमाअन्तर्गत विवादमा ल्याइएको कानून संविधान प्रतिकूल देखिनु वा प्रमाणित भएको हुनपर्ने अनिवार्यता रहने ।

विवेकपरक र स्पष्ट आधार सहित निवेदन दावी स्थापित गर्न नसकेको अवस्थामा प्रारंभीक रुपमा नै त्यस्तो निवेदन खारेजभागी हुन्छ । त्यसैले अदालत समक्ष यस प्रकारको निवेदन ल्याउँदैमा विधायिकाको विधि निर्माण गर्ने एकलौटी क्षेत्राधिकार (Exclusive Jurisdiction) अतिक्रमण भै हाल्ने र मुलुकको दण्डनीति निर्धारण गर्ने कानूनको संवैधानिकता परीक्षणको निम्ती पर्न आएको निवेदनबाट अदालतले कुनै हस्तक्षेप नै गर्न नसक्ने भन्ने जिकीरसँग सहमत हुन नसकिने ।

कुनै कसूर गरेबापत कानूनद्वारा तोकिएको जरिवाना असूल नभएपनि कुनै दायित्व लिनु नपर्ने भन्ने हो भने फौजदारी न्याय प्रशासनको सञ्चालनमा अवरोध आई अराजकतालाई आमन्त्रण गरे सरह हुन पुग्दछ र कसूर गर्ने व्यक्तिले सहजै उन्मुक्ति पाउने अवस्था आउँछ । यस्तो कुरा समाजलाई अपराध र अपराधीबाट जोगाई शान्ति र व्यवस्था कायम राख्ने फौजदारी न्याय प्रशासनको उद्देश्य मर्म र भावनाअनुरूप हुन नसक्ने ।

इजलास अधिकृत : नारायण सुवेदी

इति संवत् २०६६ साल भदौ ४ गते रोज ५ शुभम् ।

४.

**मा.न्या.श्री अनूपराज शर्मा, मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या.श्री भरतराज उप्रेती,** रिट नं. २०६४-WS-०००२, उत्प्रेषण, *राजीव बास्तोला समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

कसूरको प्रकृति र तत्काल प्राप्त प्रमाणको प्राचूर्य जस्ता आधारबाट धरौट वा जमानत लिने, तारेखमा राख्ने अन्य विकल्प प्रयोग भैसकेपछि अन्तिम उपायका रुमपा थुनामा समेत राख्न सकिने गरी भए गरिएको कानूनी व्यवस्थाहरूलाई अन्यथा भन्न नमिल्ने ।

पूर्पक्षको लागि थुनामा राख्ने विषयले कसैलाई पनि पूर्ण वा अन्तिम रुपमा कसूरदारको रुपमा चित्रण गरेको हुँदैन । त्यो एउटा पूर्वावस्थासम्म हो । यस्तो तर्क गर्दै जाने हो भने अनुसन्धानको क्रमा प्रहरी हिरासतमा रहने अवधिलाई पनि गैरकानूनी भन्नुपर्ने हुन्छ । जसलाई निषेध गर्ने हो भने कुनै पनि फौजदारी मुद्दाको अनुसन्धान प्रक्रिया नै सञ्चालन गर्न सकिँदैन । त्यसरी नै संकित आरोपित समाजमा खुल्ला रुपमा हिड्न सक्ने भै समाजले नै असुरक्षित महसूस गर्नुपर्ने तथा प्रमाण नष्ट गर्न सक्ने उच्च सम्भावना रहन जानुका साथै कतिपय अवस्थामा त्यस्ता अभियुक्तहरूको जीउ ज्यान नै खतरामा रहने ।

इजलास अधिकृत : नारायण सुवेदी

कम्प्युटर : सीता गुरुङ्ग

इति संवत् २०६६ साल भदौ ११ गते रोज ५ शुभम् ।

## संयुक्त इजलास

१.

**सं.प्र.न्या.श्री मीनबहादुर रायमाझी र मा.न्या.श्री कल्याण श्रेष्ठ,** २०६२ सालको निवेदन नं. २७६७, उत्प्रेषण, *बिजयबहादुर श्रेष्ठ वि. पुनरावेदन अदालत पाटन समेत*

बाटो निजी वा सार्वजनिक भन्ने प्रश्नमा पूर्व निर्णय भएको नभै उनाउ व्यक्तिले लगाएको गेट र टपसम्बन्धी विवादमा भएको निर्णय सम्बन्धित व्यक्तिलाई आपत्ति नभएको अवस्थामा निवेदकले फैसला बदर गरी पाउने आधार कारण देखिँदैन । त्यसमा पनि जुन निर्णयउपर पुनरावेदन अदालतमा पुनरावेदन लाग्ने कानूनी आधार नै देखिएको छैन भने त्यस्तोमा निर्णय बदरको मुद्दा दिएर त्यस रोहमा न्याय प्रशासन ऐन, २०४८ को दफा ८(२) अन्र्तगत पुनरावेदकीय अधिकारक्षेत्र सिर्जना हुन नसक्ने ।

इजलास अधिकृत : कृष्णराम कोइराला

इति संवत् २०६६ साल असार १५ गते रोज शुभम् ।

- यसै लगाउका निम्न मुद्दाहरूमा समेत यसैअनुरूप निर्णय भएका छन्:
- २०६२ सालको निवेदन नं. २६०४, उत्प्रेषण, *साङ्गे लामा समेत वि. पुनरावेदन अदालत पाटन समेत*
- २०५८ सालको रिट नं. ३०१२, उत्प्रेषण समेत, *साङ्गे लामा समेत वि. काठमाडौं महानगरपालिका समेत*

**२.**

**मा.न्या.श्री मीनबहादुर रायमाझी र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६४ सालको दे.पु.नं. ०५३१, अंश, *जोखु कापड समेत वि. चुल्हाई कापड*

वादी स्वयम्‌ले कित्ता नं.२२३ को जग्गा वादीको जेठो बाबु दोरिक कपडबाट हक हस्तान्तरण गरी लिएको र कित्ता नं. ३८६ को जग्गा वादीको जेठो बाबुको छोरा प्रतिवादी रामचन्द्रबाट राजीनामा पारित गरी लिएको भएपछि अंश नभै सँगबसेको अवस्था भएमा अंशियाराको नाममा भएको अचल जग्गा अंशियार-अंशियार बीच राजीनामाद्वारा हक हस्तान्तरण गर्नुपर्नेसम्मको आवश्यकता र अवस्था केही देखिन नआएको स्थितिमा अंशवण्डा नभएको सगोलको अंशियार भन्न सकिने स्थिति नदेखिने ।

इजलास अधिकृत : दीपककुमार दाहाल

कम्प्युटर : सीता गुरुङ्ग

इति संवत् २०६६ साल असार १७ गते रोज ४ शुभम् ।

३.

**मा.न्या.श्री मीनबहादुर रायमाझी र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६४ सालको दे.पु.नं.०१७२, अंश चलन, *विजेन्द्रलाल जोशी वि.दुर्गाराम महर्जन डंगोल*

अंश र अपुतालीलाई एकैस्तरमा राखेर हेर्न मिल्दैन । अंश पैतृक सगोलको सम्पत्ति माथिको नैसर्गिक अधिकार हो र यसमा सवै अंशियारको समान हक रहन्छ । यस्तो सम्पत्ति कानूनले व्यवस्था गरेमा बाहेक अंशियारको सहमतिबिना अन्यत्र हस्तान्तरण गरेमा चित्त नबुझ्ने अंशियारले आफ्नो हिस्सा जति बदर गराई लिन पाउने हुन्छ । अपुताली अंश छुट्टिई वेगल भएका अंशियारको मृत्यु भै निजको बाँकी रहेको सम्पत्ति निजको कानूनबमोजिमका हकवालामा सर्ने कानूनी प्रक्रिया हो । त्यसरी सम्पत्ति सर्ने कानूनी प्रक्रिया अनुशरण गरेको हकवाला सवैको नाममा संयुक्त रुपमा जग्गा नामसारी गरी राखेको अवस्थामा अंश नभएको भनी सम्झन मिल्ने अवस्था नहुने ।

इजलास अधिकृ: दीपककुमार दाहाल

कम्प्यूटर: सीता गुरुङ

इति संवत् २०६६ साल असार १७ गते रोज ४ शुभम् ।

४.

**सं.प्र.न्या.श्री मीनबहादुर रायमाझी र मा.न्या.श्री सुशीला कार्की,** २०६५-RC-००८६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. बुधन मण्डल खत्वे*

आफूले कसूर अपराध गरेको स्वीकार गरी वयान गरेको अवस्था रहेको अपराध स्वीकार गरी

भएको बयान अन्यथा भनी भन्न सकिने आधारको अभावमा कर्तव्य गरी मारेको अभियोगमा ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने। आफ्नी श्रीमती उपर परपुरुषले आफ्नै अगाडि करणी गरेको अवस्थामा साधारणतः सो क्रिया सहनशील नहुनु स्वाभाविक नै देखिँदा मृतकको सोही असह्य क्रियाकलापको कारणबाट मृतकउपर आक्रमण गरी मारेको भन्ने देखिएकोले प्रतिवादीलाई मुलुकी ऐन अदालती बन्दोवस्तको १८८ नं. बमोजिम १० (दश) वर्ष कैद हुने।

इजलास अधिकृत : दीपककुमार दाहाल

कम्प्युटर : लक्ष्मीदेवी श्रेष्ठ

इति संवत् २०६६ साल असार १९ गते रोज ६ शुभम्।

५.

**सं.प्र.न्या.श्री मीनबहादुर रायमाझी र मा.न्या.श्री सुशीला कार्की,** २०६४-RC-०२१, कर्तव्य ज्यान, *नेपाल सरकार वि. धनलक्ष्मी राई*

अविवाहित अवस्थामा अनुचित शारीरिक सम्पर्क राखी गर्भधारण भएको अवस्थामा समाजबाट अपहेलित र तिरष्कृत हुने कलंकबाट बच्न कलिलो उमेरकी बालिकाले जन्मेको बच्चालाई जन्मेको ठाउँमा मारी लास दवाउने नैतिक र सुरक्षित आधार खोजेको अवस्था एकातर्फ रहेको छ भने अर्कोतर्फ निज प्रतिवादीले मौकैदेखि कसूर वारदात आफूले घटाएको भनी अनुसन्धान तहदेखि अदालतमा समेत स्वीकार गरी बयान गरी न्यायिक प्रक्रियालाई सरल बनाउन मद्दत गरेको देखिएबाट प्रतिवादीलाई अ.बं. १८८ नं. बमोजिम ५ वर्ष कैदको सजाय गर्न उपयुक्त देखिने।

इजलास अधिकृत : दीपककुमार दाहाल

कम्प्युटर : लक्ष्मीदेवी श्रेष्ठ

इति संवत् २०६६ साल असार १९ गते रोज ६ शुभम्।

## इजलास नं. १

१.

**मा.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६४ सालको रिट नं. २८४५, उत्प्रेषणयुक्त परमादेश, *जयराम पञ्जियार वि. कर्णबहादुर बस्नेत समेत*

निवेदकले कानूनबमोजिम विद्यासागर कलेजबाट सन् १९९३-९५ मा आई.ए. पास गरी निजामती सेवा ऐन एवं नियमावलीबमोजिम जिल्ला शिक्षा कार्यालयको रिक्त प्रशासन सेवाको नायव सुब्बा पद वढुवाद्वारा पूर्ति गर्न प्रकाशित सूचनाबमोजिमको वढुवामा निवेदकले अतिरिक्त शैक्षिक योग्यता बापतको ३.५ अङ्क प्राप्त गर्दा पहिले वढुवा समितिले निर्णय गर्दाका अवस्थामा प्राप्त गर्ने ९९.५ अङ्क नै प्राप्त हुने हुँदा निज विपक्षीले भन्दा वढी अङ्क प्राप्त गरी उक्त विज्ञापित पदको नायव सुब्बा पदमा वढुवा हुनसक्ने।

इजलास अधिकृतः मोहनराज भट्टराई

इति संवत् २०६६ असार ९ गते रोज ३ शुभम्।

- यसै लगाउको २०६० सालको रिट नं. २८४६, उत्प्रेषणयुक्त परमादेश, *हरिप्रसाद आचार्य वि. रजिष्ट्रार पुनरावेदन अदालत राजविराजसमेत* भएको मुद्दामा यसैअनुरूप आदेश भएको छ।

इति संवत् २०६६ जेठ १९ गते रोज ३ शुभम्।

२.

**मा.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६२ सालको रिट नं.२७६७, उत्प्रेषणयुक्त परमादेश, *शिवप्रसाद न्यौपाने वि. शिक्षक सेवा आयोग सानोठिमी भक्तपुर समेत*

निवेदकले शैक्षिक सत्र २०५९ मा कार्यसम्पादन मूल्याङ्कन फाराम भरेका छन् वा छैनन् भन्ने सम्बन्धमा

शिक्षक सेवा आयोगले माध्यमिक शिक्षक द्वितीय श्रेणीको दुई पदको लागि प्रकाशित वि.नं. ००५।०६४।६५ मा यी निवेदकलाई शैक्षिक वर्ष २०५९ सालमा कार्यसम्पादन मूल्याङ्कनबापत ४० अङ्क दिएको मिसिल संलग्न नम्वर टेवुलेशन फाराम र शैक्षिक सत्र २०५९ को कार्यसम्पादन मूल्याङ्कन फारामबाट देखिई रहेको अवस्थामा शिक्षक सेवा आयोगबाट निजलाई शैक्षिक वर्ष २०५९ सालको कार्यसम्पादन मूल्याङ्कन फाराम नभरेको भनी निजले कार्यसम्पादन मूल्याङ्कनबापतमा प्राप्त गरेको अङ्क घटाउन नमिल्ने ।

इजलास अधिकृतः मोहनराज भट्टराई

इति संवत् २०६६ जेठ १९ गते रोज ३ शुभम् ।

**३.**

**मा.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०५९ सालको दे.पु.नं.९०५३, मोही दर्ता प्रमाणपत्र, *कनकु चौधरी थारु वि. राम असिसप्रसाद साहू*

जग्गा नापी नहुँदैको अवस्थामा भूमिसम्बन्धी नियमावलीको नियम ६ सँग सम्बन्धित अनुसूची २ जग्गा रहेको वडा नं. ५ मा प्रकाशित हुनुपर्नेमा अनुसूची २ वडा नं. ५ को सट्टा वडा नं. ८ मा प्रकाशित हुँदैमा जग्गाको क्षेत्रफल करीव करीव मिलेकै र जग्गाधनीको नाम मिलेको अवस्थामा उल्लिखित तथ्य प्रमाणहरूको आधारमा विवादित जग्गाको मोही पुनरावेदक वादी होइनन् भन्न नसकिने ।

इजलास अधिकृतः मोहनराज भट्टराई

इति संवत् २०६६ भदौ ५ गते रोज ६ शुभम् ।

४.

**मा.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६० सालको दे.पु.नं. ९४३६, कुतमोही, *रोझा चौधरी समेत वि. राम औतारप्रसाद जयसवाल*

जग्गाधनीलाई बुझाउनु पर्ने कुत वालीबापत नगद रकम सम्बन्धित गाउँ विकास समितिको कार्यालयमा धरौटी राखी मोहीको दायित्व पूरा गरेको भन्ने तथ्य स्थापित भएको र कुतबापतको रकम सोही धरौटी रकमबाट जग्गाधनीले पाउने ।

इजलास अधिकृत : पुनाराम खनाल

इति संवत् २०६६ साउन ३० गते रोज ५ शुभम् ।

- यसै लगाउको २०६० सालको दे.पु.नं. ९४३५, कूतमोही, *रोझा चौधरी समेत वि. राम औतारप्रसाद जयसवाल* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

५.

**मा.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६० सालको रिट नं. ३३०३, उत्प्रेषण, *पवनकुमार संघई वि. मैया बडाल समेत*

प्रत्येक उद्योग प्रतिष्ठानले आफ्नो उद्योग प्रतिष्ठानमा काम गर्ने कामदार कर्मचारीहरूलाई उद्योगको आर्थिक अवस्था अनुसार आफ्ना कामदार कर्मचारीहरूलाई जीवनयापन गर्नसक्ने किसिमले तलब भत्ता र सुविधा दिने गरेको हुन्छ । प्रत्येक उद्योग वा संस्थाले आफ्ना कामदार कर्मचारीहरूलाई न्यूनतम् तलब स्केल र भत्ताको व्यवस्था गरिसके पश्चात् बिना कारण एक पटक कायम गरी सकेको न्यूनतम् तलब स्केल घटाउनु न्यायसँगत नहुने ।

इजलास अधिकृतः मोहनराज भट्टराई

इति संवत् २०६६ भदौ २ गते रोज ३ शुभम् ।

**६.**

**मा.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६० सालको रिट नं. ३१२३, उत्प्रेषणयुक्त परमादेश, *जागेश्वरकुमार मिश्र वि. शिक्षक सेवा आयोग समेत*

शिक्षा (सातौँ संशोधन) ऐन, २०२८ को दफा ११ झ मा ऐन, प्रारम्भ हुनुभन्दा अघि जिल्ला शिक्षा छनौट समिति र क्षेत्रीय शिक्षक छनौट समितिबाट भए गरेका कामकारवाहीहरू आयोगबाट भए गरेको मानिनेछ भन्ने कानूनी व्यवस्था भएको अवस्थामा क्षेत्रीय शिक्षा निर्देशनालयबाट भए गरेका कामकारवाहीमा निरन्तरता दिई अगाडि बढाई काम गर्न नमिल्ने भन्ने अवस्था देखिन नआउने ।

इजलास अधिकृतः मोहनराज भट्टराई

इति संवत् २०६६ भदौ २ गते रोज ३ शुभम् ।

**७.**

**मा.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री प्रेम शर्मा,** २०६० सालको फौ.पु.नं. ३३५०, जालसाजी, *श्यामबहादुर पन्त वि. शरणकुमारी श्रेष्ठ समेत*

जग्गा खरिद गर्ने व्यक्तिउपर नै फिराद परेको अवस्था विद्यमान नदेखिँदा त्यस्तो निरर्थक आधारहीन फिरादबाट प्रतिवादीले जालसाजी गरे भन्न सकिने अवस्था नहुँदा स्पष्ट दावीको अभावमा जालसाजी गरे भन्नु न्यायोचित नहुने ।

इजलास अधिकृतः कविप्रसाद न्यौपाने

इति संवत् २०६६ साल असार २९ गते रोज २ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुरूप निर्णय भएका छन् :

- २०६० सालको दे.पु.नं. ९१८५, बहाल दिलाई घरबाट उठाई पाऊँ, *श्यामबहादुर पन्त वि. मीनबहादुर गुरुङ्ग*
- २०६० सालको दे.पु.नं. ९१९२, बहाल भराई घर खाली गराई पाऊँ, *सानुकाजी पन्त वि. शरणकुमारी श्रेष्ठ समेत*
- २०६० सालको फौ.पु.नं. ३३५६, जालसाजी, *श्यामबहादुर पन्त वि. शरणकुमारी श्रेष्ठ*

८.

**मा.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री प्रेम शर्मा,** २०५५ सालको दे.पु.नं. ४५२९, दाखिल खारेज, *सविता बराल (भण्डारी) समेत वि. मालपोत कार्यालय चितवन समेत*

दुई पक्षबीच विवाद उत्पन्न भई कारवाही चलेको नदेखिएको मालपोत कार्यालयको निर्णयउपर पुनरावेदन अदालतसमक्ष पुनरावेदन लाग्ने तत्कालीन कानूनी व्यवस्थाको अभावमा पुनरावेदन अदालतसमक्ष पुनरावेदन परेको निवेदनको एकतर्फी निवेदनका आधारमा मालपोतले निर्णय गरेको बाँकी भनिएको ५ धुर जग्गा सम्बन्धमा हक बेहकमा फिराद परेको भन्ने समेत मिसिल प्रमाणबाट नदेखिएको अवस्थामा पुनरावेदन खारेज हुने ।

इजलास अधिकृतः कविप्रसाद न्यौपाने

इति संवत् २०६६ साल असार २९ गते रोज २ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुरूप निर्णय भएका छन् :

- २०५५ सालको फौ.पु.नं. १८०८, अवहेलना, *सविता बराल (भण्डारी) वि. मालपोत कार्यालय भरतपूर चितवन समेत*
- २०६० सालको फौ.पु.नं. ३३४४, जालसाजी, *श्यामबहादुर पन्त वि. शरणकुमारी श्रेष्ठ समेत*

९.

**मा.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री रणबहादुर बम,** २०६४ सालको दे.पु.नं. १२३०, अंश चलन, *श्रीमती माइ तमाङ्नी समेत वि. माया तमाङ्नी*

वादीले गरेको बयान अ.बं. १३९ नं. बमोजिम बुझिएकी साइली तमाङले गरेको बयानलाई अ.बं. ११५ नं. बमोजिम बुझिएका वादीका साक्षीहरूले माया तमाङ कामीताईकी छोरी भई अविवाहित रुपमा हिमाल तमाङसँगै बसेको र अंशवण्डा समेत नभएको

भनाई बकपत्रमा उल्लेख गरी पुष्टि गरेको देखिन्छ । वादी माया तमाङ प्रतिवादी हिमाल सिँ तमाङको बहिनी नभएको कुरा पुष्टि हुन नसकेको अवस्थासमेतबाट ठूलो बाबुकी अविवाहित छोरीकी रुपमा रहेकी वादी माया तमाङ प्रतिवादीको अंशियार देखिई निजहरूमा अंशवण्डा भएको प्रमाणबाट देखिन नआएको स्थितिमा वादीले प्रतिवादीबाट दाखेल भएको तायदाती फाँटवारीमा उल्लेख भएबमोजिम २ भागको १ भाग अंश पाउने ।

इजलास अधिकृतः कविप्रसाद न्यौपाने

इति संवत् २०६६ साल साउन २८ गते रोज ४ शुभम् ।

१०.

**मा.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६३ सालको रिट नं. WO-४९६, उत्प्रेषणयुक्त परमादेश, *आनन्द पण्डित वि. जिल्ला शिक्षा कार्यालय सुनसरी समेत*

निवेदकले प्राप्त गरेको पदाधिकार मिति २०६३।४।१२ को निर्णयले खण्डित भएको अवस्था रहेको तथा उक्त निर्णय प्रचलित शिक्षा ऐन, २०२८ तथा शिक्षा नियमावली, २०५९ को प्रतिकूल भएको समेत अवस्था विद्यमान नदेखिँदा प्रस्तुत रिट जारी गर्नु निष्प्रयोजन हुने ।

इजलास अधिकृत : दीपक खरेल

इति संवत् २०६६ साल जेठ २० गते रोज ४ शुभम् ।

११.

**मा.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६१ सालको फौ.पु.नं. ३०६१, न्यायिक प्रक्रियाको दुरुपयोग गरेको समेत, *सुन्दरलाल चौधरी वि. कानून व्यवसायी परिषद्, अनुशासन समिति*

अनुशासन समितिले कानूनबमोजिम स्पष्टिकरण नसोधेको, स्पष्टिकरण सोध्नु भनी कानूनबमोजिम कसैलाई अधिकार प्रत्यायोजन पनि नगरेको अवस्थामा अनुशासन समितिका एक जना सदस्यले स्पष्टिकरण माग गर्ने र प्राप्त भएपछि पेश गर्ने गरेको निर्णयको आधारमा पुनरावेदक प्रतिवादीलाई नेपाल कानून व्यवसायी परिषद्का सचिवले सोधेको स्पष्टिकरणलाई कानूनबमोजिम सोधिएको स्पष्टिकरण मान्न नमिल्ने ।

इजलास अधिकृतः मोहनराज भट्टराई

इति संवत् २०६६ असार ८ गते रोज २ शुभम् ।

१२.

**मा.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री भरत राज उप्रेती,** २०५७ सालको रिट नं. २६७८,उत्प्रेषण, *रञ्जनादेवी वि. पुनरावेदन अदालत जनकपुर जनकपुरधाम समेत*

एक पटक डाँक लिलामसमेतको कारवाही चली निज निवेदिकाले नसकारेपछि दोस्रो पटकको डाँक लिलाममा यी निवेदिकाले विवाद उठाएको तर धनुषा जिल्ला अदालतबाट भएको मिति २०५५।९।१७ को आदेश पुनरावेदन अदालतबाट सदर भइरहेको अवस्थामा सबूद प्रमाणको मूल्याङ्कन गरी उल्लिखित जग्गाको हक वेहकका सम्बन्धमा रिट क्षेत्रबाट प्रवेश गरी हेर्न नमिल्ने ।

इजलास अधिकृत : दीपक खरेल

इति संवत् २०६६ साल असार १४ गते रोज १ शुभम् ।

१३.

**मा.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री भरत राज उप्रेती,** २०६३ रिट नं. ०५८९, उत्प्रेषण, *वृज किशोर यादव वि.मध्यपश्चिम क्षेत्रीय प्रहरी कार्यालय सुर्खेत समेत*

निवेदन व्यहोरामा विरामी परेको कारणसम्म उल्लेख गरी हुलाकमार्फत् सम्बन्धित कार्यालयमा विदाको जानकारी गराएको र विदा अस्वीकृत भएको आफूलाई जानकारी नदिइएको भन्ने लेखाईसम्मको

आधार तथा प्राइभेट क्लिनिकमा सामान्य स्वास्थ्य परीक्षण गराएको भन्ने संलग्न कागजकै आधारमा निवेदन व्यहोरा साँचो मान्न मिल्ने अवस्था नदेखिने ।
इजलास अधिकृतः पुनाराम खनाल
इति संवत् २०६६ साल साउन ३२ गते रोज १ शेभम् ।

**इजलास नं. २**

१.

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६३ सालको दे.पु.नं.१००७७, निर्णय दर्ता बदर, *रामबहादुर बस्नेत वि. ज्ञानबहादुर कपाली समेत*

स्रेस्ताबाटै गुठीको कुनै जग्गामा मोहियानी लागेको वा अरुले जोती कमाई आएको अवस्था भई एक वा एकभन्दा बढी व्यक्तिले मोही कायम गराउन खोजेको अवस्थामा मात्र मोही कायम गराउन जानु भनी गुठीले सुनाउने नसुनाउने अवस्था हुने हुँदा निश्चित काम गरेबापत मोहियानी हकको कानूनी आधार प्रदान नगरी जग्गा भोग गरेको भन्ने वादीकै भनाई रहेबाट निजले मोहीमा दावी गर्न नपाउने ।
इजलास अधिकृत : माधवप्रसाद अधिकारी
कम्प्युटर : विश्वराज पोखरेल
इति संवत् २०६६ साल बैशाख ८ गते रोज ३ शुभम् ।

**२.**

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६३ सालको दे.पु.नं. ०७५२, ढल खोल्ने बारे, *शान्ति श्रेष्ठ वि. गजेन्द्रमान रंजितकार समेत*

महानगरपालिकाले ढल निकास सम्बन्धी विवाद स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १६१(४) अनुसार हेर्न पाउने नै हुँदा ढल निकाससम्बन्धी विवादमा हकवेहक छुट्याउनु पर्ने भनी अदालतमा हकबेहकमा जानु भनी निर्णय गर्नुपर्ने अवस्था नभएकाले आफ्नो अधिकारक्षेत्रभित्र रही महानगरपालिकाले गरेको निर्णय कानून विपरीत नदेखिने ।
इजलास अधिकृत : माधवप्रसाद अधिकारी
कम्प्युटर : विश्वराज पोखरेल
इति संवत् २०६६ साल बैशाख ८ गते रोज ३ शुभम् ।

३.

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६४ सालको दे.पु.नं.०५८५, जवर्जस्ती करणी, *गबहादुर कुँवर वि. नेपाल सरकार*

पीडित कदेवी कुँवर प्रतिवादीकी छोरी हुन् भन्ने कुरामा विवाद देखिँदैन । १४ वर्षकी पीडितले आफ्नै इज्जत प्रतिष्ठा र नारी अस्मितामा आँच आउने गरी आफ्नै बाबु प्रतिवादी माथि जबर्जस्ती करणी गरेको भनी किटानी साथ लेखाउनु पर्ने कुनै विश्वासिलो कारण पनि देखिन नआउने हुँदा पीडित जाहेरवालीको किटानी जाहेरी र निजले अदालतसमक्ष गरेको वकपत्र, पीडितकी आमाको अनुसन्धान अधिकृतसमक्षको कागज एवं निजको अदालतसमक्षको वकपत्र, पीडितको शारीरिक परीक्षण प्रतिवेदन एवं सो प्रतिवेदन परीक्षण गर्ने चिकित्सकको अदालतसमक्ष भएको वकपत्रसमेतका प्रमाणहरूबाट अभियोग दावी प्रमाणित हुने ।
इजलास अधिकृतः माधवप्रसाद अधिकारी
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६६ साल बैशाख ९ गते रोज ४ शुभम् ।

**४.**

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** २०६० सालको दे.पु.नं. ९६२८ र ९६३१, हककायम, *चन्द्रबहादुर श्रेष्ठ वि. शान्तलाल श्रेष्ठ समेत*

जग्गा नापीका अवस्थामा मोही स्व. भैरवमानले लेखाई दिएको तथा रैकर परिणत गरिपाउन आरम्भमा लेखाएको व्यहोरालाई पछि आएर सो विपरीत वेखालालमात्र जग्गाधनी हुन् भनी दिएको निवेदनलाई विश्वास गर्न नसकी आरम्भमा लेखाइएको व्यहोरा पछि विनाआधार र कारण परिवर्तन गरेको मोहीको कथनलाई आधार मान्न नमिल्ने ।

उपसचिव : विदुर कोइराला

कम्प्युटर : बेदना अधिकारी

इति संवत् २०६६ साल जेठ १० गते रोज १ शुभम्

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुरूप निर्णय भएका छन् :

- २०६० सालको दे.पु.नं. ९६३०, हककायम, *दिगम्बरलाल श्रेष्ठ वि. शान्तलाल श्रेष्ठ*
- २०६० सालको दे.पु.नं. ९६२७, ९६२९, हक कायम चलन, *चन्द्रबहादुर श्रेष्ठ वि. शान्तलाल श्रेष्ठ, दिगम्बरलाल श्रेष्ठ वि. शान्तलाल श्रेष्ठ समेत*

**इजलास नं. ३**

१.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६४ सालको रिट नं. ०६१४, उत्प्रेषण, *हर्कबहादुर मतिहाङ्ग राई वि. भूमिसुधार व्यवस्था मन्त्रालय समेत*

भूमिविहीन सुकुम्वासीलाई समेत भूमि उपलब्ध गराउनु पर्ने दायित्व सम्झिएको राज्यले निवेदकले बसोवास गर्दै आएको निजको हक भोग स्वामित्वको जग्गा निजलाई सट्टा भर्ना दिने भनिएको जग्गाको यकीन व्यवस्था नहुँदै रोक्का राख्ने कार्य न्याय र कानूनको दृष्टिकोणबाट उपयुक्त नदेखिने ।

इजलास अधिकृत : माधवप्रसाद अधिकारी

इति संवत् २०६६ साल असार २४ गते रोज ४ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा यसैअनुरूप निर्णय भएका छन् :

- २०६४ सालको रिट नं. ०६५१, उत्प्रेषण, *विर्खबहादुर राई वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*
- *२०६४ सालको रिट नं. ०६४६, उत्प्रेषण, हर्कबहादुर थुलुङ्ग राई वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*
- २०६४ सालको रिट नं. ०६१६, उत्प्रेषण, *नारन ढकाल वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*
- २०६४ सालको रिट नं. ०६५४, उत्प्रेषण, *अकलबहादुर राई वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*
- २०६४ सालको रिट नं. ०७१३, उत्प्रेषण, *पञ्चवीर नेपाली वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*
- २०६४ सालको रिट नं. ०६४५, उत्प्रेषण, *तुलप्रसाद विराहाङ्ग राई वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*
- २०६४ सालको रिट नं. ११७७, उत्प्रेषण, *चन्द्रबहादुर श्रेष्ठ वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*
- २०६४ सालको रिट नं. ०९९४, उत्प्रेषण, *मंगलसिँह कुमाल वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*
- २०६४ सालको रिट नं. ११७४, उत्प्रेषण, *बलबहादुर श्रेष्ठ वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*
- २०६४ सालको रिट नं. ०६५२, उत्प्रेषण, *सहरमान खामतेल वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*
- २०६४ सालको रिट नं. ०६४९, उत्प्रेषण, *धनबहादुर तामकुले राई वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*
- २०६४ सालको रिट नं. ०६४७, उत्प्रेषण, *डम्बरबहादुर खामतेल वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*
- २०६४ सालको रिट नं. ०६१५, उत्प्रेषण, *दीलिपकुमार श्रेष्ठ वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*

- २०६४ सालको रिट नं. ०३८३, उत्प्रेषण, *लक्ष्मणप्रसाद गुरागाई वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*
- २०६४ सालको रिट नं. ०३८५, उत्प्रेषण, *जगन्नाथ दंगाल वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*
- २०६४ सालको रिट नं. १०६०, उत्प्रेषण, *रेवतबहादुर श्रेष्ठ वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*
- २०६४ सालको रिट नं. ०५६५, उत्प्रेषण, *अमरबहादुरको मु.स.गर्ने रणमाया लिम्बू वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*
- २०६४ सालको रिट नं. ०३८४, उत्प्रेषण, *खड्गबहादुर लुङ्गेली मगर वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*
- २०६४ सालको रिट नं. ०५६६, उत्प्रेषण, *रणमाया लिम्बू वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*
- २०६४ सालको रिट नं. ०५४९, उत्प्रेषण, *कर्णबहादुर दोडबोड राई वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*
- २०६४ सालको रिट नं.११७८, उत्प्रेषण, *लोकबहादुर श्रेष्ठ वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*
- २०६४ सालको रिट नं.०५९२, उत्प्रेषण, *धनबहादुर राई वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*
- २०६४ सालको रिट नं. ११७५, उत्प्रेषण, *गोविन्द श्रेष्ठ वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*
- २०६४ सालको रिट नं. ११७६, उत्प्रेषण, *अम्बिकाप्रसाद श्रेष्ठ वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*
- २०६४ सालको रिट नं. ०६५६, उत्प्रेषण, *वृहस्पति छिराङ्ग राई वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*
- २०६४ सालको रिट नं. ०६५०, उत्प्रेषण, *जगिप्रसाद मतिहाङ राई वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*
- २०६४ सालको रिट नं. ०६५५, उत्प्रेषण, *रनजित मतिहाङ्ग वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*
- २०६४ सालको रिट नं. ०६५३, उत्प्रेषण, *सहबहादुर खामतेल वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*
- २०६४ सालको रिट नं. १०५९, उत्प्रेषण, *दिलबहादुर ताङ्गलुवा राई वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*
- २०६३ सालको सरट नं. ०१७८, उत्प्रेषण, *बलबहादुर राई वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*
- २०६३ सालको रिट नं. ०१७९, उत्प्रेषण, *डोके राई वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*
- २०६४ सालको रिट नं. ०६११, उत्प्रेषण, *गंगाबहादुर श्रेष्ठ वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*
- २०६४ सालको रिट नं. ०६४८, उत्प्रेषण, *श्रीमती विष्णुमाया राईनी वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*
- २०६४ सालको रिट नं. ०५७२, उत्प्रेषण, *भुवानीप्रसाद साम्वा लिम्बू वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*
- २०६४ सालको रिट नं. ०५७१, उत्प्रेषण, *गौरीप्रसाद लिम्बू वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*
- २०६४ सालको रिट नं. ०५६७, उत्प्रेषण, *दिलबहादुर साँवा वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*
- २०६४ सालको रिट नं. ०६४४, उत्प्रेषण, *राजवल मतिहाङ राई वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*
- २०६४ सालको रिट नं. ०६२०, उत्प्रेषण, *लस्नरबहादुर खामतेल वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*
- २०६४ सालको रिट नं. ०५७०, उत्प्रेषण, *अगमबहादुर लिम्बू वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*
- २०६४ सालको रिट नं. ०५६९, उत्प्रेषण, *खड्गबहादुर लिम्बू वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*
- २०६४ सालको रिट नं. ०६१७, उत्प्रेषण, *हाईकन्नी राई विं भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*
- २०६४ सालको रिट नं. ०६१९, उत्प्रेषण, *विर्षबहादुर लिम्बू वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*
- २०६४ सालको रिट नं. ०९९३, उत्प्रेषण, *मानबहादुर कुवासाड राई वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*

- २०६४ सालको रिट नं. ०५६८, उत्प्रेषण, *हर्कप्रसाद लिम्बू साँम्वा वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*
- २०६४ सालको रिट नं. ०६४३, उत्प्रेषण, *रामप्रसाद राई वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*
- २०६४ सालको रिट नं. ०६१२, उत्प्रेषण, *हस्तबहादुर लिम्बू वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*
- २०६४ सालको रिट नं. ०६१८, उत्प्रेषण, *विष्णुकुमार श्रेष्ठ वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*
- २०६४ सालको रिट नं. ०६१३, उत्प्रेषण, *इन्द्रबहादुर दोङ्वोङ्ग राई वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*

२.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६४ सालको स.फौ.पु.नं. ८५, सरकारी वन क्षेत्रको रुख काटी वन पैदावर हानि नोक्सानी, *नेपाल सरकार वि. जसबहादुर राई*

अभियोग पुष्टि हुने अवस्था नदेखिएकोमा अर्को प्रतिवादी रामकुमार राईले पोल गरेकै एकमात्र आधार लिई केवल शंकाको भरमा निजलाई अभियोग माग दावीबमोजिम सजाय गर्न नमिल्ने भै शंकाको सुविधा अभियुक्तले पाउने ।

इति संवत् २०६६ साल जेठ ३१ गते रोज १ शुभम् ।

३.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६४ सालको दे.पु.नं. १२०७, घर भत्काई पाऊँ, *जीतलाल महर्जन वि. मदनराज ताम्राकार*

भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(३) को प्रतिवन्धात्मक वाक्यांशमा खेतीलाई आवश्यक नपर्ने घर जग्गावालाको मन्जूरी नलिई बनाउन हुँदैन भन्ने व्यवस्था भएको अवस्थामा मन्जूरी नलिई घर बनाएको कार्य उल्लिखित कानूनी व्यवस्थाको विपरीत देखिने ।

इति संवत् २०६६ जेठ ३१ गते रोज १ शुभम् ।

४.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६० सालको दे.पु.नं.९४३४, लिखत दर्ता बदर दर्ता, *दरोगा राउत अहिर वि. जगनाथप्रसाद यादव समेत*

अंशवण्डाको १९(१) नं. बमोजिम आधा अचल सम्पत्ति घर व्यवहार चलाउनलाई आफूखुश गर्न पाउने व्यवस्था भएपनि सो अधिकार समान पुस्ताको अंशियारले उपभोग गर्न पाउने नभै अघिल्लो पुस्ताको अंशियार (बाबु वा ससुरा नाताका व्यक्ति) ले मात्र गर्न पाउने ।

इजलास अधिकृत : नेत्रप्रकाश आचार्य

कम्प्युटर : विश्वराज पोखरेल

इति संवत् २०६६ साल जेठ २३ गते रोज ३ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुरूप निर्णय भएका छन् :

- २०६० सालको दे.पु.नं. ९४३१, लिखत दर्ता बदर दर्ता, *चनरपति देवी कानु वि. जनरनाथप्रसाद यादव समेत*
- २०६० सालको दे.पु.नं. ९४३३, लिखत दर्ता बदर दर्ता, *सिसकुमारी देवी तेली वि. जगरनाथप्रसाद यादव समेत*
- २०६० सालको दे.पु.नं. ९६३९, लिखत दर्ता बदर दर्ता, *नागेन्द्रप्रसाद यादव वि. जगरनाथप्रसाद यादव समेत*

५.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६१ सालको दे.पु.नं. ९६९७, किल्ला बदर, *मायादेवी उपाध्याय घिमिरे वि. सविता मानन्धर*

वादी मायादेवीको नाममा र.नं. २६७५ मिति २०४३।८।४ को हालैको वकसपत्रबमोजिम ०-१४-

३-२ जग्गा प्राप्त गरेको देखिएबाट सो क्षेत्रफलभन्दा बढी जग्गा निजको कायम हुनसक्ने देखिँदैन । आफ्नो नामको कि.नं. २१७ को जग्गाबाट र.नं. क ३८०९ मिति २०४६।१०।५ को हालैको वकसपत्रबाट ०-८-०-०, र.नं. २९४८ मिति २०५५।८।११ को लिखतबाट ०-४-२-० जग्गा हक छाडी दिएको र बाँकी रहेको ०-२-१-२ जग्गा समेत र.नं. ३०५८ मिति २०५५।८।१५ को लिखतद्वारा बाटो प्रयोजनको लागि आफ्नो समेत नाममा संयुक्त राखेको देखिएबाट अव वादीका नाममा कुनै जग्गा बाँकी रहेको भन्ने तथ्य कतैबाट नदेखिने ।

इजलास अधिकृत : नेत्रप्रकाश आचार्य

कम्प्युटर : विश्वराज पोखरेल

इति संवत् २०६६ साल असार २२ गते रोज २ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुरूप निर्णय भएका छन् :

- २०६१ सालको दे.पु.नं. ९६९९, जग्गा दपोट मेटाई हक कायम गरिपाऊँ, *मायादेवी उपाध्याय घिमिरे वि. सविता मानन्धर*
- २०६१ सालको दे.पु.नं. ९६९८, जग्गा खिचोला मेटाई चलन चलाई पाऊँ, *मायादेवी उपाध्याय घिमिरे वि. सविता मानन्धर*
- २०६१ सालको दे.पु.नं. ९८३१, निषेधाज्ञा, *मायादेवी उपाध्याय घिमिरे वि. सचिनकुमार भट्ट*

६.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०५९ सालको दे.पु.नं.९०५५, मोहियानी हकको प्रमाणपत्र पाऊँ, *चन्द्रदेव पण्डित वि. झौली शर्मा खंग*

निरन्तर रुपमा जोत आवाद गरी जग्गाधनीलाई बुझाउनु पर्ने विभिन्न सालको कुत सम्बन्धित निकायमा धरौट राखेको साथै वादीले विभिन्न सालको वाली बुझाएको भरपाईको रसीद पेश गरेको समेत देखिएकोले त्यसलाई आधिकारिक वा विधिवत मान्न नमिल्ने ।

इजलास अधिकृत : अर्जुन अधिकारी

इति संवत् २०६६ साल जेठ १ गते रोज ६ शुभम् ।

७.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६२ सालको दे.पु.नं. ३४८८, जवर्जस्ती करणी, *ज्ञानबहादुर थापा वि. नेपाल सरकार*

अपरिचित स्थानमा रातको समयमा सटर र गेट समेत थुनी बत्ती निभाई भय र त्रासको वातावरणमा भएको करणीको कार्यलाई स्वेच्छाको भन्न सकिने अवस्था नदेखिने ।

इजलास अधिकृतः अर्जुन अधिकारी

कम्प्युटर : बेदना अधिकारी

इति संवत् २०६६ बैशाख २९ गते रोज ३ शुभम् ।

८.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६२ सालको दे.पु.नं. ९७७३, भोग बन्धकी मोही लगत कट्टा, *रामाश्रे महतो कोइरी समेत वि. कपिलदेव सहनी*

प्रतिवादीको नाउँमा विवादित जग्गाको १ नं. लगत हुनु, २ नं. अनुसूची प्रकाशित हुनु, मोहियानी हकको प्रमाणपत्रसमेत प्राप्त गरेको हुनु र सो कुरालाई तत्कालीन जग्गाधनी वादीको पिताले अन्यथा गराउन नसक्नु जस्ता तथ्यगत अवस्थामा एकमात्र भोगबन्धकीको जग्गा भन्ने कारणले मात्रै विवादित जग्गाको मोही लगत कट्टा हुन नसक्ने ।

इजलास अधिकृत : अर्जुन अधिकारी

इति संवत् २०६६ जेठ १ गते रोज ६ शुभम् ।

९.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०५९ सालको फौ.पु.नं. ३०९८, सवारी दुर्घटना भई ज्यान मरेको, *राजेन्द्रप्रसाद गुप्ता वि. नेपाल सरकार*

विपरीत दिशाबाट लाइट डिम नगरी गाडी आएको भए पनि सो गाडीले आफ्नो दिशा छाडी गलत दिशातर्फ आएको भन्ने प्रतिवादीको भनाई रहेको अवस्थामा आफ्नै दिशाबाट आएको गाडीले वत्ती डिम नगरेको भए पनि यदि प्रतिवादीले चलाएको गाडीको तीव्र गति नभएको भए निजले सो गाडी रोक्न सक्ने स्थितिमा भई दुर्घटना हुनसक्ने स्थिति देखिँदैन । जसबाट देख्नमा वाधा परेको कारण दुर्घटना भयो भन्ने कुरा स्वाभाविक नदेखिने ।

इजलास अधिकृत : नेत्रप्रकाश आचार्य

कम्प्युटर : विश्वराज पोखरेल

इति संवत् २०६६ साल असार २३गते रोज ३ शुभम् ।

१०.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६३ सालको दे.पु.नं.२५७, घर उठाई जग्गा खिचोला मेटाई पाऊँ, *अमृतलाल चौधरी वि. जुगतलाल चौधरी समेत*

नक्साबाट विवादित जग्गा न.नं. ३, ४ र न.नं. २ को प्रतिवादीको जग्गा जोड्दा ट्रायल चेकबमोजिमको जग्गाभन्दा खासै फरक नपरेको स्थितिमा उपरोक्त नक्सा अनुसारको न.नं. २ को निर्विवादित जग्गालाई मात्र प्रतिवादीको जग्गा हो भनी मान्नु न्यायसँगत एवं विवेकसम्मत देखिन नआउने ।

इति संवत् २०६६ साल असार १ गते रोज २ शुभम् ।

११.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६४ सालको दे.पु.नं.११७१, लिखत बदर दर्ता बदर दर्ता कायम, *हरिनारायण यादव समेत वि. कमलेश्वरी यादव*

सगोलको सम्पत्ति विक्री गर्दाका वखत लिखतमा मुलुकी ऐन लेनदेन व्यवहारको १० नं.मा व्यवस्था भएबमोजिम एकाघरसँगका अंशियार साक्षी बसेको वा निजहरूको मञ्जूरीको लिखत भएको हुनुपर्ने ।

इति संवत् २०६६ साल असार १ गते रोज २ शुभम् ।

१२.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६५ सालको स.फौ.पु.जं.०२२२, सरकारी छाप दस्तखत कीर्ते, *नेपाल सरकार वि. चित्रबहादुर बसेल सार्की समेत*

प्रतिवादीहरूमध्येका चित्रबहादुर बसेल सार्कीले अर्काको नाममा जारी भएको सवारी चालक अनुमतिपत्रको फोटो उक्काई आफ्नो फोटो टास्ने गरेको कार्य पनि कीर्ते कागजको महलको १ नं. को परिभाषाभित्र पर्न आउने ।

इति संवत् २०६६ साल असार १ गते रोज २ शुभम् ।

१३.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६३ सालको रिट नं. ०४३२, उत्प्रेषण परमादेश, *कोमानन्द अधिकारी वि. लोकसेवा आयोग केन्द्रीय कार्यालय समेत*

रिट निवेदनमा के कुन व्यक्ति र निकायको काम कारवाहीबाट आफ्नो हकमा असर परेको हो र आफ्नो हकको प्रचलन हुँदा कस कसलाई असर पर्छ ती सबै व्यक्ति तथा निकायलाई समेटेर विपक्षी वनाएको हुनुपर्छ । विपक्षी नवाइएको व्यक्तिलाई असर पर्ने गरी र मागै नभएको विषयमा निर्णय दिन नमिल्ने ।

इजलास अधिकृत : माधवप्रसाद अधिकारी

इति संवत् २०६६ साल जेठ ५ गते रोज ३ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा यसैअनुरूप निर्णय भएका छन् :

- २०६३ सालको रिट नं. ०३८५, उत्प्रेषण परमादेश, *दीपक श्रेष्ठ वि. लोकसेवा आयोग केन्द्रीय कार्यालय समेत*
- २०६३ सालको रिट नं. ०३९८, उत्प्रेषण परमादेश, *सागरकृष्ण जोशी वि. लोकसेवा आयोग केन्द्रीय कार्यालय समेत*

१४.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६४ सालको दे.पु.नं. ११४३, मोही नामसारी, *रत्नमाया महर्जन वि. रुद्रनारायण डंगोल*

२०२० सालको कवुलियतमा पनि मोहीको हैसियतले वादीका पतिलाई जग्गा कमाउन दिएको भन्ने उल्लेख नभई घरसमेत भएको जग्गा अधियामा कमाउन ५ बर्षका लागि दिएको र भइरहेको घरमा तला थप्ने समेत नपाउने भनी उल्लेख भएको देखिएबाट तोकिएको अवधिको लागि कमाउन दिएको भनिएको लिखतको आधारमा वादीको पति गोपाल महर्जन मोही हुने भनी मान्न नमिल्ने ।

इजलास अधिकृत : नेत्रप्रकाश आचार्य
कम्प्युटर : विश्वराज पोखरेल
इति संवत् २०६६ साल असार २६ गते रोज ६ शुभम् ।

- यसै लगाउको २०६४ सालको दे.पु.नं. ११४४, मोही लगत कट्टा, *रत्नमाया महर्जन वि. रुद्रनारायण डंगोल*

१५

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६० सालको रिट नं. ३०३४, उत्प्रेषण, *इन्सान मुसलमान समेत वि. मालपोत कार्यालय रुपन्देही समेत*

शेरबहादुर वि.क.ले राधिका ठकुरी उपर दिएको खिचोला मुद्दाबाट राधिका ठकुरीले जानकारी पाइसकेको अवस्थामा कित्ता सुधार गर्दा निवेदकहरूलाई जानकारी नै नदिइएको भन्ने पनि देखिएन । यस स्थितिमा दाता इन्सान मुसलमानसमेतले दिएको लिखतबमोजिम नक्सा सुधार भएको र वादी शेरबहादुर वि.क. प्रतिवादी राधिका खाँड ठकुरी भएको यसै जग्गाको सम्बन्धमा दिएको खिचोला चलन मुद्दामा भएको फैसलाले समेत कि.नं. ८८८ र ८८९ का जग्गा सुधारिएको नक्साबमोजिम नै फिल्डमा रहेको ठहरी फैसला भइसकेको देखिएबाट प्रस्तुत निवेदनको कुनै सार्थकता नरहने ।

इजलास अधिकृत : माधवप्रसाद अधिकारी
कम्प्युटर : नारायणप्रसाद आचार्य
इति संवत् २०६६ साल जेठ २१ गते रोज ५ शुभम् ।

१६.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६४ सालको दे.पु.नं. १०३५, मोही नामसारी गरी मोहियानी हकको प्रमाणपत्र पाऊँ, *माधवप्रसाद दाहाल वि. टोमप्रसाद आचार्य समेत*

दावीको कि.नं. १३३ को जग्गाको मोही वादीका बाबु पशुपती दाहाल रहेको भन्ने देखिएको र मोहीको महलमा घरवारी भनी उल्लेख भए पनि फिल्डबुकको कैफियत महलमा उल्लिखित व्यहोरा भूमिसम्बन्धी ऐन, २०२१ को २(ङ) मा गरिएको घरवारीको परिभाषाअनुसार जग्गावालाको घर बसोवास भएको भन्ने नदेखिँदा यस्तो अवस्थामा वादी कानूनबमोजिमका मोही होइनन् रहेछ भनी मान्न नमिल्ने ।

इजलास अधिकृत : नेत्रप्रकाश आचार्य
कम्प्युटर : विश्वराज पोखरेल
इति संवत् २०६६ साल असार २६ गते रोज ६ शुभम् ।

१७.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६३ सालको दे.पु.नं.८८९, जोत नामसारी, *पूर्णतारा शाक्य वि. गणेशदास श्रेष्ठ*

न्याय प्रशासन ऐन, २०४८ को दफा १४(ख) र (ग) मा भएको व्यवस्थाअनुसार इन्साफ गनुपर्ने प्रश्नसँग सम्बद्ध प्रमाणहरू तल्लो अदालत, निकाय वा अधिकारीले बुझ्न छुटाएकोमा सो प्रमाण बुझी आफैले कानूनबमोजिम फैसला गर्नसक्ने अधिकार पुनरावेदन सुन्ने निकायलाई हुँदाहुँदै सो कानूनी व्यवस्था विपरीत शुरु भूमिसुधार कार्यालयको निर्णय बदर गरी पुनः निर्णयका लागि शुरुमा पठाउने गरी भएको पुनरावेदन अदालतको फैसला मिलेको नदेखिँने ।

इजलास अधिकृत : नेत्रप्रकाश आचार्य
कम्प्युटर : विश्वराज पोखरेल
इति संवत् २०६६ साल असार २६ गते रोज ६ शुभम् ।

१८.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०५९ सालको दे.पु.नं. ८५१५, मोही नामसारी प्रमाणपत्र, *विश्वनाथप्रसाद भगत कलवार वि. नारायण महतो कोइरी*

साविक मोही फतुली महतो कोइरीको २०५५।९।१२ मा परलोक भएको तथा निजको श्रीमती तथा वादीबाहेक अन्य छोराहरू समेत देखिएकोमा अन्य सम्पूर्ण हकवालाको समेत मञ्जूरीनामा पेश गरी दावीको जग्गाको मोही मेरो नाममा नामसारी गरिपाउँ भनी वादीले माग गरेको देखिँदा दावीबमोजिम वादीका नाममा मोही नामसारी हुने ।

इजलास अधिकृत : नेत्रप्रकाश आचार्य
कम्प्युटर : विश्वराज पोखरेल
इति संवत् २०६६ साल असार २६ गते रोज ६ शुभम् ।

## इजलास नं. ४

१.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री ताहिर अली अंसारी,** २०५८ सालको रिट नं. ३४१४, परमादेश, *रामबहादुर थापा वि. मन्त्रिपरिषद् सचिवालय समेत*

ऐनको उद्देश्य परिपूर्ति गर्न के कस्ता योग्यता पुगेका व्यक्तिहरूलाई सञ्चालक परिषद्मा नियुक्त गर्ने भन्ने विषय पूर्णरुपमा सरकारको अधिकारक्षेत्रभित्रको हुँदा माग गरेबमोजिम यो यस्तो व्यक्ति तथा सस्थालाई सञ्चालक परिषद्मा नियुक्त गर्नु भनी यस अदालतबाट आदेश जारी गरिनु सो ऐनको मनसाय एवँ अदालतको कार्यप्रकृति विपरीत तथा अदालतको अधिकारक्षेत्रबाहिरको कुरा हुने मात्र होइन कार्यपालिकाको Domain मा नै हस्तक्षेप हुन पुग्ने ।

इजलास अधिकृत : कृष्णप्रसाद सुवेदी
कम्प्युटर : निर्मला भट्ट
इति संवत् २०६६ साल बैशाख ३१ गते रोज ५ शुभम् ।

- यसै लगाउको २०५९ सालको रिट नं. ३५३९, उत्प्रेषण समेत, *दानबहादुर जर्घा मगर वि. खुमबहादुर खड्का समेत* भएको मुद्दामा यसैअनुरूप आदेश भएको छ ।

**२.**

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६३ सालको रिट नं. २०६३-WO-०४२८, उत्प्रेषणसमेत, *घनश्यामराज पाण्डे समेत वि. काठमाडौं महानगरपालिका कार्यालय समेत*

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) मा यस संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनको लागि वा अर्को उपचारको व्यवस्था

नभएको वा अर्को उपचारको व्यवस्था भए पनि सो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अवस्थामा अन्य कुनै कानूनी हकको प्रचलनको लागि सर्वोच्च अदालतको असाधारण अधिकार अन्तर्गत रिट क्षेत्र आकर्षित हुने ।

इजालस अधिकृत : महेन्द्रप्रसाद पोखरेल

कम्प्युटर : सुदिप पंज्ञानी

इति संवत् २०६६ साल जेठ ३१ गते रोज १ शुभम् ।

३.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६२ सालको रिट नं. ३०१०, उत्प्रेषण समेत, *शितलप्रसाद गुप्ता वि. लोकसेवा आयोग केन्द्रीय कार्यालय समेत*

निवेदकले बढुवा समितिको निर्णयलाई चित्त बुझाई लोकसेवा आयोगमा कुनै उजूरी नगरी सीधै अदालतमा रिट निवेदन प्रस्तुत गरेको देखिएको र अन्य वैकल्पिक उपचारको मार्ग अवलम्बन गरेको नदेखिंदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : राजेन्द्रकुमार आचार्य

कम्प्युटर : नम्रता बास्तोला

इति संवत् २०६६ साल असार १७ गते रोज ४ शुभम् ।

४.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६२ सालको रिट नं.३००९, उत्प्रेषण प्रतिषेध परमादेश समेत, *संजिव श्रेष्ठ वि. लोकसेवा आयोग केन्द्रीय कार्यालय समेत*

रिट दायर गरी कारवाई चल्दाकै अवस्थामा नेपाल सरकारको मिति २०६३।०३।१४ को निर्णयानुसार राजपत्राङ्कित द्वितीय श्रेणीमा बढुवासमेत भई निजको प्रमुख जिल्ला इन्जिनियर रा.प.द्वितीय श्रेणी नेपाल इन्जिनियरिङ सेवा सिभिल समूह जनरल उपसमूह जिल्ला प्राविधिक कार्यालयमा पदस्थापनासमेत भई कार्यरत रहेको व्यहोराको कागजात प्रस्तुत हुन आएको अवस्थामा बढुवा सम्बन्धमा परेको प्रस्तुत रिट निवेदनको औचित्य नै समाप्त भइसकेकाले रिट खारेज हुने ।

इजलास अधिकृत : राजेन्द्रकुमार आचार्य

इति संवत् २०६६ साल असार १७ गते रोज ४ शुभम् ।

यस्तै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुरूप निर्णय भएका छन् :

- २०६२ सालको रिट नं.३०१६, उत्प्रेषणयुक्त परमादेश समेत, *लोकनाथ रेग्मी वि. श्री लोकसेवा आयोग केन्द्रीय कार्यालय कमलपोखरी समेत*
- २०६२ सालको रिट नं. ३००८, उत्प्रेषण प्रतिषेध परमादेश समेत, *गुरुप्रसाद शर्मा वि. लोकसेवा आयोग केन्द्रीय कार्यालय समेत*
- २०६२ सालको रिट नं. ३०६९, उत्प्रेषण प्रतिषेध परमादेश समेत, *उमाशंकर साह वि. लोकसेवा आयोग केन्द्रीय कार्यालय समेत*

५.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री सुशीला कार्की,** २०६३ सालको रिट नं. ०६३-WO-०१९६, उत्प्रेषणयुक्त परमादेश, *प्रमोदकुमार अग्रवाल वि. सत्यन्द्रकुमार अग्रवाल समेत*

निवेदकको स्थायी ठेगाना नेपालगञ्ज न.पा. वडा नं. ८ भन्ने स्पष्टरुपमा प्रमाणित भइरहेको अवस्थामा सो ठेगानालाई अन्यथा भन्दै आफ्नो ठेगाना सोही नगरपालिका वडा नं. १५ हो भनी लिएको जिकीर तर्कसँगत नदेखिने ।

इजलास अधिकृत : कृष्णप्रसाद सुवेदी

कम्प्युटर : निर्मला भट्ट

इति संवत् २०६६ साल बैशाख २९ गते रोज ३ शुभम् ।

६.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६१ सालको फौ.पु.नं. ३४०८,

आयकर २०५२।०५३, *महेन्द्रराज श्रेष्ठ वि. २ नं. क्षेत्रकार कार्यालय काठमाडौं बबरमहल*

प्रचलित कानूनअनुसार अधिकार प्राप्त निकाय (जस्तो प्रस्तुत विवादमा पर्यटन विभाग) को मूल्याङ्कन तथा सिफारिश उपलब्ध भएको अवस्थामा र सुविधाको माग गर्ने करदाता उद्योगले नियमित व्यावसायिक कारोवारको सिलसिलामा राखेको लेखालाई मान्यता दिएको अवस्थामा उक्त लेखाको आधारमा यकीन हुने कर छुटको सुविधा प्रदान गर्न पनि कर अधिकृतलाई उद्योग विभाग एकद्वार समितिको सिफारिश वा निर्णयको आवश्यकता नपर्ने ।

इजलास अधिकृत : महेन्द्रप्रसाद पोखरेल

कम्प्युटर : सुदिप पंज्ञानी

इति संवत् २०६६ साल असार १५ गते रोज २ शुभम् ।

**इजलास नं. ८**

१.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६१ सालको दे.पु.नं. ८९४४, निषेधाज्ञा, *काशीकान्त मैनाली वि. रामेश्वर क्षेत्री समेत*

विवादित बाटो बन्द गरी विपक्षीहरूले घर पर्खाल बनाउने आशंका रहेको भनी दावी जिकीर लिएकाले विवादित बाटोको सम्बन्धमा साधारण क्षेत्राधिकारअन्तर्गत काडमाडौं जिल्ला अदालतमा विचाराधीन मुद्दाबाट निर्णय हुने नै हुँदा हाल विचाराधीन मुद्दालाई प्रभावित हुने गरी प्रस्तुत मुद्दाबाट बोल्न नमिल्ने ।

इजलास अधिकृत : रमेशप्रसाद ज्ञवाली

कम्प्युटर : धाबहादुर गुरुङ्ग

इति संवत् २०६६ साल असार २५ गते रोज ५ शुभम्

- यस्तै प्रकृतिको २०६१ सालको रिट नं. ३४०८, उत्प्रेषण परमादेश, *काशीकान्त मैनाली वि. नापी विभाग कित्ता नापी महाशाखा ६ नं. नापी गोश्वारा काठमाडौं समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

२.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६३ सालको दे.पु.नं. ८८६१, परमादेश, *वीरेन्द्र माध्यमिक विद्यालय भ्यूडहर समेत वि. दधीराम पाण्डे*

स्थायी कर्मचारीलाई अवकाश दिने कानूनी आधार र प्रक्रिया छन् । आम्दानीको स्रोत घट्यो वा अन्य वाह्य कारणले अमुक कर्मचारीलाई काममा लगाउन कठिन भयो भनी स्थायी कर्मचारीलाई बिना कारण सुनुवाईको मौकासमेतबाट वञ्चित गरी अवकाश दिन नमिल्ने ।

इजलास अधिकृत : रमेशप्रसाद ज्ञवाली

कम्प्युटर : धनबहादुर गुरुङ्ग

इति संवत् २०६६ साल असार २५ गते रोज ५ शुभम्

३.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री रणबहादुर बम,** २०६४-WO-०८७०/ २४१९/ २८००/३५३७, उत्प्रेषण, *मनोहर बन्जारा समेत वि. भौतिक योजना तथा निर्माण मन्त्रालय समेत*

आफूहरूलाई परेको पीर मार्काको कानूनी संरक्षणार्थ निरन्तर प्रयासरत रहेको अवस्थामा खाली समय तत्व (Time Factor) नै निर्णायक मान्न कानूनी तथा न्यायको रोहमा मिल्दैन । तर निवेदकहरू त्यसरी उपयुक्त कानूनी मार्गमा निरन्तर प्रयासरत् रहेको पाइँदैन । तथापि ठूलो संख्यामा रहेका एउटा क्षेत्रका वासिन्दाको घर बसोबास र सम्पत्तिमा असर पर्न सक्ने विषयमा सार्वजनिक सरोकारको मुद्दाको रुपमा

दर्ता हुन आएको प्रश्नमा विलम्बको आधारमा निवेदन खारेज गर्न उपयुक्त नभई मुद्दाको तथ्यभित्र प्रवेश गरी निर्णय दिनुपर्ने नै न्यायको रोहमा उपयुक्त हुने ।

आधारभूतरुपमा कानूनबमोजिम सहमति नभएको भन्ने स्पष्ट भएमा बाहेक सहमति हुने वा नहुने बीचको द्वन्द्वको प्रकृतिमा अदालतले हस्तक्षेप गर्न नसक्ने ।

अधिग्रहण गरी सम्पूर्ण जग्गालाई एउटै कित्तामा विकसित गरेपश्चात् सम्बन्धित जग्गाहरूलाई नै फिर्ता गर्ने व्यवस्थाको औचित्यको सम्बन्धमा पनि निवेदकहरूबाट प्रश्न उठेको वा त्यसको औचित्य खण्डित हुन आएको नदेखिने ।

आयोजना कार्यान्वयनबाट जग्गा विकसित गरी सम्बन्धित जग्गाधनी, मोहीलाई जग्गा फिर्ता तोकिएको मापदण्डअन्तर्गत न्यूनतम् परिणामभन्दा कम हुन आउने भएमा त्यस्ता जग्गाधनी वा मोहीलाई विस्थापित हुन नदिई यथास्थानमा बसोवास गर्न पाउने प्रयोजनको लागि जग्गा पुऱ्याउने र आवश्यक रकम निश्चित आधारमा भराउने लगायतका उपयुक्त नीति अख्तियार गर्नुपर्ने ।

इजलास अधिकृत : कमलप्रसाद पोखरेल

इति संवत् २०६६ असरा २३ गते रोज ३ शुभ् ।

- यसै प्रकृतिको २०६४-WO-०७९२/१८२७/१८५७/२१२७/२३३४/२४२०/२८०१/३५३६, उत्प्रेषण, *शेममाया थापा समेत वि. गृह मन्त्रालय समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

४.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री रणबहादुर बम,** २०६५-MS-००५, अदालतको अवहेलना, *हेममाया थापा समेत वि. अशोक नाथ उप्रेती समेत*

यस अदालतको आदेशको अवहेलना भएको भन्ने यकीन प्रमाणको अभावमा अनुमानको आधारमा विपक्षीहरूलाई सजाय गर्न मिल्ने देखिएन ।

इजलास अधिकृत : कमलप्रसाद पोखरेल

इति संवत् २०६६ असरा २३ गते रोज ३ शुभम् ।

५.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६३ सालको रिट नं. ३६३६, उत्प्रेषणयुक्त परमादेश, *शत्रुघ्न गिरी वि. मध्यमाञ्चल क्षेत्रीय शिक्षा निर्देशनालय सानोठिमी समेत*

सरुवासम्बन्धी प्रश्न कानूनी प्रश्न भएकाले कानूनले जसलाई सो अधिकार दिएको छ, त्यसको प्रयोगसमेत निजले नै गर्नुपर्छ । कानूनले अख्तियारी दिएको अधिकारीले सरुवा गर्दा समेत कानूनमा उल्लिखित कार्यविधिलाई अवलम्वन गर्नुपर्छ । अन्यथा त्यस्तो सरुवा कानूनको दृष्टिमा पूर्ण हुन नसक्ने ।

इजलास अधिकृत : रमेशप्रसाद ज्ञवाली

इति संवत् २०६६ साल असार २६ गते रोज ६ शुभम् ।

६.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६३ सालको रिट नं. १२२१, उत्प्रेषणयुक्त परमादेश, *सुवास बस्न्यात वि. नेपाल वायुसेवा निगम प्रधान कार्यालय काठमाडौं समेत*

कुनै खास व्यक्तिको हकमा गरेको तथ्यगत विवेचनासहितको निर्णय नजीर नभै दृष्टान्तमात्र हुन्छ । खास कानूनको प्रचलनको लागि कानूनको व्यवस्थामा गरिएको व्याख्या मार्फत प्रतिपादित हुने सिद्धान्त नजीर हुन्छ । सो प्रस्तुत गर्नुको छुट्टै औचित्य रहन्छ । बिना कानूनी सिद्धान्त कुनै कुराको दृष्टान्तलाई आधार बनाई नजीर मानी उपचार दिन नमिल्ने ।

इजलास अधिकृत : रमेशप्रसाद ज्ञवाली

इति संवत् २०६६ साल असार २१ गते रोज १ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुरूप निर्णय भएका छन् :

- २०६३ सालको रिट नं. ११९४, उत्प्रेषणयुक्त परमादेश, *किशोर खड्का वि. नेपाल वायुसेवा निगम प्रधान कार्यालय काठमाडौं समेत*
- २०६४ सालको रिट नं. ०३२०, उत्प्रेषण समेत, *सुवास बस्न्यात वि. नेपाल वायुसेवा निगम प्रधान कार्यालय काठमाडौं समेत*

**इजलास नं. ९**

१.

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री प्रेम शर्मा,** २०६६-WH-०००१, बन्दीप्रत्यक्षीकरण, *सीताशरण मण्डल वि. ओखलढुंगा जिल्ला अदालत समेत*

बन्दीप्रत्यक्षीकरण भनेको थुनाको वैधतालाई परीक्षण गर्ने विषय भएकाले कसैलाई गैरकानूनी रुपमा थुनामा राखेको अवस्था देखिएमात्र त्यस्तो गैरकानूनी थुनाबाट मुक्त गर्न यस्तो आदेश जारी हुने हो । कानूनबमोजिम अदालतमा दायर भई विचाराधीन रहेको विषयमा सोही अदालतबाट नै न्याय निरोपण हुनसक्ने अवस्थामा बन्दीप्रत्यक्षीकरणको मार्ग अवलम्बन गर्न नमिल्ने ।

इजलास अधिकृत : नारायणप्रसाद पराजुली

इति संवत् २०६६ साल भदौ ५ गते रोज ६ शुभम् ।

२.

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६३ सालको फौ.पु.नं. ४४५, भ्रष्टाचार, *नेपाल सरकार वि. दिनेशबहादुर श्रेष्ठ समेत*

प्रचलित नेपाल कानूनबमोजिम बुझाउनु पर्ने राजश्व नबुझाई प्रतिवादीहरूले राजश्व चुहावट गरेको भन्ने मागदावी नभई खोलिएको एल.सी. अनुसारको माल सामान नेपालमा पैठारी गरेको भए यति राजश्व उठ्ने थियो होला भन्ने अनुमानित राजश्वको आंकलन गरी अभियोग दावी लिएको अवस्थामा अपराध घटित भएको यकीन प्रमाणको अभावमा अनुमानको आधारमा अभियोग दावी लिने र त्यस्तो दावीको आधारमा सजाय गर्न पनि प्रचलित नेपाल कानूनले नमिल्ने ।

इजलास अधिकृत : कमलप्रसाद पोखरेल

इति संवत् २०६६ साल जेठ ३१ गते रोज १ शुभम् ।

३.

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६० सालको दे.पु.नं. ९४८७, ८९६३, मिलापत्र बदर, *गायत्रीदेवी समेत वि. रामलखन साह कमलापुरी, रामलखन साह कमलापुरी वि. गायत्रीदेवी समेत*

सा.कि.नं. ३३५८ को चौहदी उत्तर निज घर दक्षिण विलट घर पूर्व शिव दयाल र पश्चिम चिनी भन्ने उल्लेख भएको देखिँदा वहाल विटौरी स्रेस्तामा भएको कि.नं. ६८ को चार किल्लासँग मिल्न भिड्न नसकेको अवस्थामा सा. कि. नं. ३३५८ को जग्गा नै हाल विटौरी नं. ६८ को जग्गा हो भन्ने प्रतिवादी जिकीर प्रमाणबाट पुष्टि भएको नपाइने ।

इजलास अधिकृत : कमलप्रसाद पोखरेल

इति संवत् २०६६ साल असार ४ गते रोज ५ शुभम् ।

४.

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६२ सालको फौ.पु.नं., कुटपीट अंगभंग, *नेपाल सरकार वि. हरिनारायण यादव समेत*

पीडितको अंगभंग भनिएको बाँया हात चिकित्सकको प्रतिवेदनअनुसार निको भई काम लाग्ने अवस्थामा रहेको भन्ने देखिँदा निजको उक्त अंग "बेकम्मा" भएको भन्ने नदेखिँदा कुटपीट अंगभंगको कसूरसम्बन्धी मागदावी पुग्न नसक्ने ।

इजलास अधिकृत : कमलप्रसाद पोखरेल

इति संवत् २०६६ साल असार २५ गते रोज ५ शुभम् ।

**इजलास नं. १०**

१.

**मा.न्या.श्री ताहिर अली अंसारी र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६० सालको फौ.पु.नं. ३६३०, भ्रष्टाचार (नक्कली प्रमाणपत्र), *मोहनकृष्ण खड्का वि. नेपाल सरकार*

कुनै पनि राष्ट्रसेवकले आफूले प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाणपत्र आफूले पाउँदै नपाएको शैक्षिक योग्यतासम्बन्धी प्रमाणपत्र पाएको छ भनी कुनै ओहदा पाउन वा भइरहेको ओहदामा यथावत् रहन जुनसुकै उद्देश्यले ढाँटी पेशमात्र गरेपनि उक्त कानूनी व्यवस्थाविपरीतको कसूरजन्य कार्य हुने र सो प्रमाणपत्रबाट कुनै लाभ नलिए पनि सो फाइदा नलिएको कारणबाट मात्र सो कसूरजन्य कार्यको परिणामबाट उन्मुक्ति पाउन सक्ने होइन। सो शैक्षिक योग्यताको प्रमाणपत्र पेश गर्नु नै सो कसूरको लागि पर्याप्त हुने।

कुनै पनि राष्ट्रसेवकले आफूले प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाणपत्र यदि नोकरीको सिलसिलामा पेश गरेको छ भने अन्यथा प्रमाणित नभएसम्म सो पेश गरेको कारण ओहदासम्बन्धी फाइदा लिन नै पेश गरिएको हो भन्ने अनुमान गर्नुपर्ने।

इजलास अधिकृत : पूर्णेश्वरप्रसाद उपाध्याय

इति संवत् २०६६ साल असार ५ गते रोज शुभम्।

२.

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६२ सालको दे.पु.नं. ८९०३, धितो जमानी लिखत वदर समेत, *प्रविण थापा समेत वि. क्यान भिन्याल विल्डिंग प्रोडक्ट्स (नेपाल) प्रा.लि.समेत*

बैंकको नाममा पास भएको धितो बापतको दृष्टिबन्धकी लिखत फट्टा भई नै सकेकोले सो लिखतबाट यी वादीहरूको हक हित माथि अब कुनै विपरीत असर पर्न सक्ने वा यी वादीहरूको अंश मुद्दाबाट पाएको अंश हकमा असर पर्ने अवस्था नरहने।

इजलास अधिकृत : पूर्णेश्वरप्रसाद उपाध्याय

इति संवत् २०६६ साल जेठ ७ गते रोज ५ शुभम्।

३.

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६२ सालको दे.पु.नं. ७८५०, डाँक लिलाम बदर लिखत वदर दर्ता वदर, दर्ता, *उमाकान्त महतो समेत वि. रामविलास यादव*

एकपछि अर्को ऐनले व्यवस्था गरेको हदम्यादको आधार लिनु अथवा कुनै विशेष ऐनले निर्धारित गरेको हदम्याद नाघी सकेकामा लेनदेन व्यवहारको ४० नं. वा अदालती वन्दोवस्तको ३६ नं. को बैकल्पिक आधार लिनु भनेको हदम्यादसम्बन्धी कानूनी व्यवस्थाको उपहास गर्नु हो।

मौकामा जग्गा रोक्का वदरको निवेदन डाँक लिलाम बदरको निवेदन समेत दिई सो निवेदनहरूमा यथासमय मै आदेश भैसकेको जानकारी यी वादीलाई हुँदा हुँदै सोही विवादलाई विन्दु बनाई यी वादीले काम सम्पन्न भइसकेको धेरै समय पछि नक्कल लिएको मितिले हदम्याद कायम गरी लिलाम दर्ता वदर गर्ने विषयको दावी लिई फिराद गर्ने हदम्याद रहे भएको नदेखिँदा निश्चित हदम्यादलाई अनिश्चित र अनिश्चित कालसम्म लम्ब्याउन नमिल्ने।

इजलास अधिकृत : पूर्णेश्वरप्रसाद उपाध्याय

इति संवत् २०६६ साल जेठ ७ गते रोज ५ शुभम्।

४.

**मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय र मा.न्या.श्री मोहन प्रकाश सिटौला,** २०६३ सालको दे.पु.नं. ०६३-CI-०४८१, बहाल दिलाई घर खाली गराई पाऊँ, *शंकर दयाल बैश्य समेत वि. शान्तिदेवी कसौधन बनिया*

मुलुकी ऐन, अ.वं. १९२ नं. मा ...बाहेक गैह्र मुद्दा फैसला गर्दा एउटै मिसिलबाट गर्नुपर्ने काम मध्ये केही बाँकी राखी पछि बुझी छिन्ने भन्ने व्यहोरासँग फैसला गर्न हुदैन भन्ने समेत कानूनी

प्रावधान रहेकाले भैरहेको सो कानूनी व्यवस्थाअनुरूप मुद्दामा निर्णय दिनुपर्ने देखिन आएका सबै विवादित विषयहरूमा एकै पटक निर्णय बोल्नु पर्ने ।

इजलास अधिकृत : नारायण सुवेदी

कम्प्युटर : लक्ष्मीदेवी श्रेष्ठ

इति संवत् २०६६ साल असार १८ गते रोज ५ शुभम् ।

५.

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** २०६३-CI-०५९७, जग्गा खिचोला, *भानुभक्त भट्ट वि. कैले साउद समेत*

बिबादको जग्गाको स्थिति गण्डीगाडको पूर्वतिर नै रहेको र वादीले देखाएका अन्य चार किल्लाहरू जस्तो कि गैरीखेतदेखि दक्षिण, टिकबगरका भिटादेखि उत्तर, गैरी खेतदेखि पूर्व हुनुपर्नेमा बिबादको जग्गाको उत्तर कुनै गैरीखेत नदेखिएको बिवादको जग्गाको दक्षिण न.नं. ४२ को भंगालो, न.नं. ४८ को ढुङ्गा, न.नं.५४ को भंगालो र न.नं. ३४ र ३५ का बगर खेत रहेको देखिन्छ । जहाँसम्म न.नं. ४६ को भिट्टा हुन, सो भिट्ट बिवादको जग्गाको धेरै दक्षिण देखिएको हुनाले त्यसलाई वादीको चार किल्लासँग मिल्ने अवस्था नदेखिने ।

इजलास अधिकृत : पूर्णेश्वरप्रसाद उपाध्याय

इति संवत् २०६६ साल जेठ ३१ गते रोज शुभम् ।

- यसै प्रकृतिको २०६३-CI-०५९८, जग्गा खिचोला, *रामशंकर भट्ट समेत वि. मु. कैले साउद समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

**६.**

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** २०६३ सालको दे.पु.नं. ०२०२, घर उठाई जग्गा खिचोला चलन, *ओमप्रकाश करुवा वि. बराहसरी राजबंशी*

दर्ता स्रेस्ताबमोजिम प्रतिवादी ओमप्रकाश करुवाको जम्मा ज.वि.०-१-६ रहेकोमा स्रेस्तामा कायम भएको क्षेत्रफल भन्दा बढी हुने गरी ज.वि.०-१-८-१.१/२ निजले भोग गरिरहेको हुँदा र सर्भे नक्सा हेर्दा कि.नं.४१६ को घरभन्दा पश्चिम पट्टि प्रतिवादीको जग्गा रहेको नदेखिंदा वादीको जग्गाको पूर्वतर्फको न.नं.२१, २२, २३ को जग्गामा यी पुनरावेदक प्रतिवादीको हक हुने स्थिति नदेखिई जग्गा मिची चापी प्रतिवादीले आफ्नो जग्गातर्फ घुसाएको देखिने ।

इजलास अधिकृत : पूर्णेश्वरप्रसाद उपाध्याय

इति संवत् २०६६ साल जेठ ३१ गते रोज १ शुभम् ।

## एकल इजलास

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६५ सालको रिट नं.०६५-WO-०९१८, उत्प्रेषण, *मेनका पण्डित (अधिकारी) समेत वि.स्थानीय विकास मन्त्रालय समेत*

निवेदकहरु कार्यरत रहेको पद तथा तहको लागि भनी विपक्षीबाट कर्मचारी आवश्यकतासम्बन्धी सूचना प्रकाशित नै नभएको अवस्थामा विपक्षीको कामकारवाहीले निवेदकहरूलाई स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २१३क. ले प्रदान गरेको कानूनी हकमा साथै कुनै संबैधानिक हकमा आघात पुऱ्याएको मान्न नमिल्ने ।

इजलास अधिकृत : अर्जुन अधिकारी

कम्प्युटर : नारायण आचार्य

इति संवत् २०६६ साल असार ८ गते रोज २ शुभम् ।

## सर्वोच्च अदालत गतिविधि

**न्यायपालिकाको दोस्रो पञ्चवर्षीय रणनीतिक योजना २०६६-२०७१ को कार्यान्न्वयनको सन्दर्भमा सम्माननीय प्रधान न्यायाधीश श्री मीनबहादुर रायमाझीज्यूबाट पुनरावेदन अदालतका माननीय मुख्य न्यायाधीशज्यूहरूलाई दिनु भएको निर्देशन ।**

माननीय मुख्य न्यायाधीश,
श्री पुनरावेदन अदालत, सबै ।

न्यायपालिकाको काम कारवाहीलाई योजनावद्ध रुपमा सञ्चालन गरी प्रभावकारी रुपमा न्याय सम्पादन गर्ने उद्देश्यले सर्वोच्च अदालतको पूर्ण बैठकले न्यायपालिकाको दोस्रो पञ्चबर्षीय रणनीतिक योजना (२०६६–२०७१) पारीत गरी लागू गरिएको व्यहोरा विदितै छ। प्रस्तुत रणनीतिक योजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न गराउनका लागि रणनीतिक योजनाको मूल दस्तावेज र कार्यान्वयन योजनाको नमूना उपलब्ध गराउनुका अतिरिक्त योजना कार्यान्वयनसम्बन्धी सूचना सम्प्रेषण र अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने कार्य समेत गरिएको छ।

न्यायपालिकाको तर्फवाट आफ्नो संबैधानिक दायित्व पूरा गर्ने क्रममा परिवर्तित सन्दर्भमा न्याय र कानूनका क्षेत्रमा जनताले देखाएका सरोकारका विषयबस्तुहरूलाई प्रभावकारी रुपमा संबोधन गर्न अत्यावश्यक छ। सबै अदालतहरूले प्रस्तुत योजनालाई न्यायपालिकाको छाता योजनाको रुपमा लिई आ आफ्नो कार्यान्वयन योजना बनाई अनुशासित तथा योजनाबद्ध रुपमा उद्यमशीलताका साथ कार्यान्वयन गरेको खण्डमा संबिधान र समाजले अपेक्षा गरे अनुरूपको कर्तव्य निर्वाह गर्न न्यायपालिका सक्षम हुने विश्वास रहेको छ। न्यायिक काम कारवाहीलाई छिटो, छरितो र सुलभ बनाउन, न्यायिक प्रक्रियामा गुणस्तर कायम गर्न, अदालतप्रतिको जनआस्थामा अभिबृद्धि गर्न, बदलिँदो परिबेशअनुरूप संबिधानले न्यायपालिकाप्रति गरेको अपेक्षा पूरा गर्न प्रस्तुत योजना एक महत्वपूर्ण माध्यम र अबसरको रुपमा रहेको कुरालाई मध्यनजर गरी यसलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नु गराउनु हुनेछ भन्ने आशा लिएको छु।

प्रथम रणनीतिक योजनाको कार्यान्वयनवाट हासिल भएका सकारात्मक अनुभवहरूलाई ग्रहण गर्दै परिमार्जन र सुधारका साथ तर्जुमा गरिएको प्रस्तुत दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाले न्याय निरुपण गर्ने, फैसला कार्यान्वयन गर्ने र सुपरिवेक्षण तथा अनुगमन गर्ने कार्यलाई मूल कार्यका रुपमा परिभाषित गरी न्यायपालिकाको परिदृष्य, परिलक्ष्यलाई वास्तविकतामा परिणत गर्नका लागि विभिन्न रणनीतिक उपायहरूको पहिचान गरिएको र ती रणनीतिक उपायहरू अन्तर्गत विभिन्न क्रियाकलापहरू तय गरिएका छन्। यी क्रियाकलापहरू व्यापक छन् र साथसाथै चुनौतीपूर्ण पनि छन्। तसर्थ परम्परागत सोच र संस्कारयुक्त कार्यशैलीबाट योजनाको प्रभावकारी कार्यान्वयन सम्भव नहुने भएकाले नयाँ सोच र संस्कारयुक्त कार्यशैली अवलम्बन गरेमा मात्र योजनाले निर्धारण गरेको लक्ष्य हासिल गर्न सम्भव देखिन्छ भन्ने मलाई लाग्दछ।

प्रत्येक अदालतका आ आफ्नै प्रकृतिका कार्यबोझ, समस्या र परिबेश हुने भएकाले एउटै केन्द्रिकृत योजनाबाट सबै अदालतको समस्यालाई एकमुष्ट सम्बोधन गर्न कठिनाइ हुने बिगतको अनुभव तथा योजना निर्माणका क्रममा सरोकारवालावाट प्राप्त

परामर्शलाई मध्यनजर गरी स्थानीयस्तरबाटै सहभागिताको आधारमा प्रस्तुत योजनाको कार्यान्वयन गर्ने लक्ष्य लिइएको छ।

यसका लागि प्रत्येक अदालतले योजनाले निर्धारण गरेको लक्ष्य, उद्देश्य, मापदण्ड तथा उपलब्ध स्रोत साधनका आधारमा सरोकारवाला समेतको सहभागितामा आ–आफ्नो कार्यान्वयन योजना बनाई सो अनुरूप कार्य सम्पादन गर्नु हुनेछ भन्ने अपेक्षा गरिएको छ।

यस कार्यकालागि माननीय मुख्य न्यायाधीशज्यूहरूलाई निम्न लिखित बुंदाका साथै कार्यान्वयन योजनाको पुस्तिकामा उल्लिखित न्यायपालिकाको राणनीतिक योजनाको नीति र कार्यान्वयन योजना सम्बन्धी मार्गदर्शनअन्तर्गत रही आफू कार्यरत पुनरावेदन अदालत र आ–आफ्नो प्रादेशिक क्षेत्राधिकारभित्रका जिल्ला अदालतहरूको कार्यान्वयन योजना निर्माण र सोको सफल कार्यान्वयनकालागि नेतृत्वदायी भूमिका निर्वाह गर्नुहुन अनुरोध गर्दछु:

१. प्रत्येक अदालतको लागि वार्षिक कार्यान्वयन योजना तर्जुमा गरी गराई २०६६ साल कार्तिक मसान्तभित्र योजना कार्यान्वयन समिति, सर्वोच्च अदालतमा पठाउने।

२. कार्यान्वयन योजना तर्जुमा गर्दा गराउँदा न्यायाधीश, कर्मचारी तथा सरोकारवालाहरूलाई आवश्यकता अनुसार सहभागी गराउने।

३. कार्यान्वयन योजना तयार गर्दा योजना तर्जुमासम्बन्धी ज्ञान भएको जनशक्ति (स्रोत व्यक्ति) को आवश्यकता परेमा र त्यस्तो जनशक्ति नजिकको अदालतमा उपलब्ध हुने भएमा सो अदालतसँग समन्वय गरी सम्वन्धित जनशक्तिलाई झिकाई आवश्यक सहयोग लिन सकिनेछ। यसरी झिकाई सहयोग लिएको अवस्थामा सोको जानकारी सर्वोच्च अदालतलाई दिने।

४. यस आर्थिक वर्षको लागि योजना कार्यान्वयन गर्न आवश्यक पर्ने कार्यक्रम वजेट वस्तुपरक ढंगले पुष्ट्याईसहित तयार गरी २०६६ साल कार्तिक मसान्तभित्र योजना कार्यान्वयन समिति सर्वोच्च अदालतमा लेखी पठाउने। आगामी आर्थिक वर्षको लागि वजेट तर्जुमा गर्दा समेत योजनामा आधारित कार्यक्रम वजेट पुष्ट्याईसहित तर्जुमा गर्ने। निकाशा भइआएको बजेट खर्च गर्दा योजनामा उल्लिखित कार्यक्रमको प्राथमिकता निर्धारण गरी सोको आधारमा खर्च गर्ने व्यवस्था मिलाउने।

५. आवश्यक स्रोत साधन र जनशक्ति बिना योजनाको सफल कार्यान्वयन हुन नसक्ने कुरामा दुईमत छैन। अतः योजना कार्यान्वयनका लागि आवश्यक पर्ने स्रोत साधन र जनशक्तिको पहिचान गरी माग गर्नु हुनेछ। स्थानीय स्तरमा जनशक्ति पूर्ति गर्ने गराउने सम्बन्धमा आवश्यकतानुसार कम्प्युटरसम्बन्धी सीप भएका र तोकिएका योग्यता पुगेका स्थानीय व्यक्तिलाई प्राथमिकता दिने। यसको लागि सर्वोच्च अदालत प्रशासनले आवश्यक व्यवस्था मिलाउने।

६. प्रत्येक अदालतले योजना कार्यान्वयनको लागि न्यायाधीश तथा कर्मचारी रहेको संयन्त्र (समिति, उपसमिति) गठन गरी कार्यान्वयन गर्ने गराउने।

७. मातहत अदालतको निरीक्षणका क्रममा योजना कार्यान्वयनको स्थिति सम्बन्धमा समेत

निरीक्षण तथा अनुगमन गरी देखिएका कमी कमजोरीहरू हटाउन तत्काल निर्देशन दिने । सर्वोच्च अदालतबाट कुनै निकासा हुनुपर्ने भएमा वा योजना कार्यान्वयनमा उदासीन वा हेलचेक्रयाई रहेको कारणले कारवाही गर्नुपर्ने देखिएमा आवश्यक कारवाहीका लागि सर्वोच्च अदालतमा लेखी पठाउने ।

८. आफ्नो र मातहत अदालतको योजना कार्यान्वयनको अवस्था र प्रगति सम्बन्धमा प्रत्येक तीन महिनामा योजना कार्यान्वयन समिति सर्वोच्च अदालतमा प्रतिवेदन पठाउने साथै पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ३क. बमोजिम गरिने त्रैमासिक प्रतिवेदनमा पनि योजना कार्यान्वयनको अवस्था र प्रगति सम्बन्धमा उल्लेख गर्ने ।

९. रणनीतिक योजनाले तोकेअनुसारको (पृष्ठ ८१) मापदण्डअनुसार कार्य सम्पादन नगर्ने न्यायाधीशको विवरण तयार गरी वार्षिक रुपमा सर्वोच्च अदालत र न्याय परिषदमा पठाउने ।

१०. विगतको मुद्दा फछ्र्यौटको तथ्याङ्क हेर्दा धेरैजसो पुनरावेदन अदालत र जिल्ला अदालतमा आर्थिक वर्षको पूर्वार्धमा निकै कम र उत्तरार्ध, त्यसमा पनि अन्तिम त्रैमासिकतिर वढी मुद्दा फछ्र्यौट गर्ने प्रवृत्ति देखिएको छ । योजनावद्व ढंगले काम गरेको खण्डमा वर्षको सबै अवधिमा मुद्दा फछ्र्यौटको दर सन्तुलित रहने, कार्यसम्पादनको गुणस्तर वढ्ने तथा सवै समयमा समान सक्रियता देखिने र यसबाट जनआस्थासमेत वढ्ने हुँदा मुद्दा फछ्र्यौटको समय तालिका निर्माण तथा कार्यान्वयन गर्दा यस कुरालाई समेत मध्यनजर राखी गर्ने गराउने ।

११. न्यायाधीशहरूको रुजू हाजिर कुनै महिना वढी र कुनै महिना अत्यन्त कम हुने र यसबाट कार्य फछ्र्यौटमा आवधिक सन्तुलन बिग्रेको स्थितिलाई समेत मध्यनजर राखी यथासंभव निरन्तर रुपमा कार्य क्षेत्रमा रही सन्तुलित रुपमा कार्य फछ्र्यौट गर्ने गराउने ।

१२. कर्मचारीहरूको धेरै दरवन्दी रिक्त रहेको स्थायी पूर्ति हुन अझै केही समय लाग्ने देखिएको, अन्य स्रोत र साधनसमेत कमी रहको स्थितिलाई मध्यनजर गरी आ-आफ्नो कार्यक्षेत्रमा पर्ने असरलाई न्यूनीकरण गरी काम गर्ने प्रयत्न गरी कार्यसम्पादन गर्ने गराउने ।

अन्त्यमा, सवैको सहयोग, प्रतिवद्धता र सक्रियता जुटाई नयाँ सोच र शैलीका साथ अगाडि बढ्न सकिएमा यो योजनाले निर्दिष्ट गरेको लक्ष्य हासिल हुने कुरामा म विश्वस्त छु । न्यायाधीश, कर्मचारीसहित सम्पूर्ण न्यायकर्मीहरूको साझा प्रयत्न बिना योजनाको सफल कार्यान्वयन हुन सक्दैन । यसको सफलतामा नै न्यायपालिकाप्रतिको जनआस्था अभिवृद्धिको आधार निहीत रहेको छ । त्यति मात्र होइन रणनीतिक योजनाको सफल कार्यान्वयनका आधारमा नै न्यायाधीश, अधिकृत तथा न्यायपालिकामा कार्यरत् कर्मचारीहरूको मूल्याङ्कन हुने भएकाले यो हामी सवैको भविष्य पनि भएको हुँदा योजनाको सफल कार्यान्वयनको निमित्त निर्देशन दिन चाहान्छु । माननीय मुख्य न्यायाधीशज्यूहरूले आ-आफ्नो क्षेत्रका सबै जिल्ला अदालतका न्यायाधीशज्यूहरूलाई यो निर्देशनको जानकारी दिनुहोला ।